# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८१\०६\२६

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०८०

**प्रस्तावनाः**नेपालको संविधानको धारा २१४ र २२१ को उपधारा (१) को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०७७ को लिखु तामाकोशी गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी यो "लिखु तामाकोशी गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०८०" लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधी, २०७७ रहने छ।

(२) यो कार्यविधी लिखु तामाकोशी गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः**

(क) "गाँउपालिका" भन्नाले लिखु तामाकोशी गाँउपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले लिखु तामाकोशी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "संयोजक" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालक समितिको संयोजक सम्झनुपर्छ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लिखु तामाकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) “लेखा प्रमुख” भन्नाले लिखु तामाकोशी गाउँपालिकाका लेखा शाखाको प्रमुख सम्झनुपर्छ।

(छ) “कोष” भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संझनु पर्छ।

(ज) “पीडित वा प्रभावित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति संझनु पर्छ।

(झ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा संझनु पर्छ।

(ञ) “सञ्चालक समिति” भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति संझनु पर्छ।

**३. कोषको स्थापना**

(१) यस गाँउपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः–

(क) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) अन्तराष्ट्रिय संघ संस्था, सरकार र व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) गाँउपालिकाले छुट्याएको रकम

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) वमोजिमको रकम एभरेष्ट बैंक, लिखु तामाकोशी शाखामा छुटै खाता खोली जम्मा गरिनेछ।

(४) कोषको खाताको सञ्चालन संचालक समितिको सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

**४. कोषमा रकम जम्मा गर्ने**

लिखु तामाकोशी गाँउकार्यपालिकाको निर्णय अनुसार यस गाँउपालिका क्षेत्रमा कृशाशिल विषयगत सामाजिक संघ संस्थाहरुलाई कोषमा रकम जम्मा गर्नका लागि गाँउपालिकाले निर्णय गर्न सक्नेछ। गाँउसभाको निर्णयबाट गाँउपालिकाले वार्षिक रुपमा कोषमा वजेटको व्यवस्था गर्नेछ।

**५. कोषको उपयोग**

(१) कोषको रकम देहायको कामको लागि लैंगिक हिंसा पीडित वा प्रभावितहरुलाई उपलब्ध गराउन उपयोग गरिनेछ :

(क) तत्काल उद्घार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स सेवा प्रदान गर्न,

(ङ) लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुका लागि कुनै व्यवसाय वा स्वरोजगारको लागि सिप विकास, व्यवसाय स्थापना तथा संचालन खर्च अनुदानको रुपमा प्रदान गर्न,

(च) पुनस्थापना गराउन,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुव्र्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको

कारणबाट प्राप्त गर्न नसक्ने अवस्थामा अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन गाँउपालिकालाई लेखी आएमा त्यस्तो क्षतिपुर्तिको व्यवस्था गर्न,

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य आवश्यक काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको प्रयोगमा फसेका वा सडकमा आएका व्यक्तिहरुलाई प्राथमिकता दिई उनीहरुको लागि आवश्यक सहयोगका लागि कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) सञ्चालक समितिको बैठक संचालन, कार्यालय व्यवस्थापन, भत्ता, तलव लगायतका कुनैपनि शिर्षकमा यो कोषको रकम खर्च गर्न पाइने छैन । यस्ता शिर्षकमा गाँउपालिकाले छुट्टै बजेटको व्यवस्था गर्नेछ ।

**७. संञ्चालक समितिको गठन**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि कार्यपालिकाले निर्णय गरी एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) उपाध्यक्ष, लिखु तामाकोशी गाँउपालिका, संयोजक

(ख) दुई जना महिला कार्यपालिका सदस्यहरु, सदस्य

(ग) दुई जना वडा अध्यक्षहरु, सदस्य

(घ) प्रमुख वा कर्मचारी प्रतिनिधी, शिक्षा शाखा, सदस्य

(ङ) प्रमुख वा कर्मचारी प्रतिनिधी, शिक्षा शाखा, सदस्य

(च) स्थानीय प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधी, सदस्य

(छ) लैङ्गिकता र लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी तथा सामाजिक संस्थाहरु मध्येबाट कार्यपालिकाले तोकेको दुई जना, सदस्य

(छ) प्रमुख प्रशासकिय अधिकृत, सदस्य सचिव

(३) संचालक समितिको सदस्यहरुको पदावधि २ बर्षको हुनेछ । प्रत्येक दुई वर्षमा पुनर्गठन गरिने छ । सम्वन्धित शाखा वा कार्यालय वा संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्तिको सरुवा भएको अवस्थामा सो जिम्मेवारीमा आउने नयाँ व्यक्ति वा सम्वन्धित शाखा वा कार्यालय वा संस्थाले सिफारिस गरेको नयाँ व्यक्ति वा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(४) सञ्चालक समितिको कार्यालय, गाँउपालिकाको महिला बालबालिका शाखामा रहनेछ ।

**८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) लैङ्गिकता र लैङ्गिक हिंसा निवारणको सम्वन्धमा संघ, प्रदेश तथा गाँउपालिकाबाट स्विकृत नीति, नियम, योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि काम गर्ने गराउने,

(ख) लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई आवश्यक राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) लैंगिक हिंसा निवारण कोष अन्तरगत भएका काम कारवाहीको अनुगमन गर्ने वा गराउने तथा प्रगति प्रतिवेदन तयार गर्ने ।

(घ) लिखु तामाकोशी गाउँपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख संकलन, अद्यावधिक तथा सार्वजनिक गर्ने ।

(ङ) सीपमूलक तालिम प्राप्त पीडित तथा प्रभावितहरुलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदानको रकम प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्था र कार्यालयहरुसँग समन्वय गर्ने ।

(छ) कोष वृद्धिको लागि श्रोतको व्यवस्थापन तथा खोजी गर्ने ।

(ज) पीडितको तत्काल उद्धार, राहत र पुनस्थापनाका लागि राहत, आर्थिक सहयोग तथा अन्य सामग्री उपलब्ध गराउने ।

(ज) लैङ्गिक हिंसा निवारणसँग सम्वन्धित सचेतना, क्षमता विकास लगायतका अन्य काम गर्ने वा गराउने

**९. कोष सञ्चालक समितिको बैठक र निर्णय**

(१) सञ्चालक समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ तर आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य– सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको लिखित जानकारी उपयुक्त माध्यममार्फत सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछन् र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुमध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार जनप्रतिनिधी, सरकारी कर्मचारी, संघ संस्थाका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, बाल क्लवका प्रतिनिधीहरु, समाजसेवी लगायतका कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य–सचिव, संयोजक र समितिका कम्तिमा थप दुई जना सदस्यहरुले प्रमाणित गरी राख्नेछन् ।

(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

(१) यस कार्यविधी बमोजिम पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ।

(क) पीडितलाई तत्काल उद्दार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन एक हजार रुपैयाँको दर आर्थिक सहयोग । पिडितको अवस्था अनुसार गाडी रिजर्भ गर्नुपर्ने अवस्थामा सोही अनुसारको यातायात खर्च समेतको व्यवस्था गरिनेछ ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च बिल अनुसार बढीमा पचास हजारसम्म । पिडितको अवस्था अनुसार गाडी रिजर्भ गर्नुपर्ने अवस्थामा सोही अनुसारको यातायात खर्च समेतको व्यवस्था गरिनेछ । अस्पतालमा भर्ना गर्दा एक जना कुरुवाका लागि समेत पिडितलाई उपलब्ध हुने वरावरकै दैनिक खाना र आवासको खर्च व्यवस्था गरिनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पचास हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी प्रति व्यक्ति बढीमा पचास हजार रुपैया,

(ङ) पुनस्थापनाको लागि बढीमा पचास हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पचास हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा कोष संचालक समितिले त्यस्तो पीडितलाई पच्चिस हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिका वा रामेछाप जिल्ला वाहिर रहे बसेको यस गाँउपालिकाको स्थायी वासिन्दा पीडित भएको अवस्थामा समेत सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) पिडित तथा प्रभावितको उद्दार, राहत, सहयोग, उपचार र पुनस्थापनाका लागि संचालक समितिले रिफरल सम्वन्धि व्यवस्थाको लागि नक्शांकन गरी सम्वन्धित निकाय, कार्यालय, संस्था र सरोकारवालाहरुविच समन्वयात्मक काम गरिनेछ ।

नक्शांकनमा रहेका निकाय, कार्यालय, संस्था र सरोकारवालाहरुको पिडित तथा प्रभावितको उद्धार, राहत, उपचार र पुनस्थापनाका लागि आवश्यक सहयोगका लागि पहिलो प्राथमिकताका साथ संचालक समितिले पहल गर्नेछ।

**१४. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने**

(१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित, प्रभाविता वा सम्वन्धित व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई गाँउपालिकामा निवेदन दिनु पर्नेछ । तर सम्वन्धित पिडित वा प्रभावित आफै उपस्थित भई निवेदन दिन नसक्ने अवस्थामा परिवारका सदस्य, आफन्त र सहयोग पुर्याइरहेका व्यक्ति वा संस्थाहरुका प्रतिनिधिले समेत यस्तो निवेदन सम्वन्धित पिडित वा प्रभावितका तर्फबाट दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गर्नु पर्ने देखिएमा राहत समितिले नियम १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१५. तत्काल रकम उपलव्ध गराउन सक्ने**

(१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने

देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नवढ्ने गरी सम्वन्धित कागजातहरु संलग्न राखी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१६. थप रकम निकासा माग गर्न सक्ने**

(१) सञ्चालक समितिबाट कोषको नाममा निकासा भएको रकम अपर्याप्त भएमा सो को कारण खुलाई कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा कार्यपालिकाले कोषको आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१६. छुट्टै खाता खोल्नु पर्ने

(१) कोषको नाममा छुट्टै बैंक खाता खोल्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१७. कोषको लेखा र लेखा परिक्षण**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको वार्षिक लेखापरीक्षण हुनेछ।

**१८. आवर्ति (रिभल्भीङ) कोष:** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ।

**१९. प्रतिवेदन पेश गर्ने:**

(१) संचालक समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन प्रदेश सरकार र संघिय सरकारको सम्वन्धित मन्त्रालयमा समेत पेश गर्नेछ।

(३) कार्यपालिकाले संचालक समितिबाट प्राप्त प्रतिवेदन वार्षिक रुपमा सार्वजनिक गर्नेछ।

(४) संचालक समितिले वार्षिक रुपमा कोषको काम र प्रगतिका सम्वन्धमा सार्वजनिक परिक्षण पनि गर्नुपर्नेछ।

**२०. बैठक भत्ता तथा अन्य खर्चहरु :** सञ्चालक समितिका संयोजक र सदस्यहरुले सो समितिको बैठकमा भाग लिए वापत गाँउपालिकाको विद्यमान नियमअनुसार मात्र बैठक भत्ता प्राप्त गर्न सक्नेछन् तर पिडित र प्रभावितका लागि प्रत्यक्ष सहयोग वाहेकका खर्च शिर्षकहरु जस्तै तलव, भत्ता, खाजा, कार्यालय व्यवस्थापन लगायतका कुनै पनि शिर्षकमा कोषको रकम खर्च गर्न मिल्नेछैन।

**२१. निर्देशन दिन सक्ने:**

(१) कार्यपालिका र गाँउसभाले कोष सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ।